संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

राष्ट्रिय दैनिक



स्कर्पियो गाडी चाहिएमा
सम्पर्क – ९८२७७३०४०३

बर्ष-१७, अंक २० असोज ९ गते शनिबार,२०७८, September–25 Saturday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. १०/- www.majhkharka.com

# नेपाली काङ्ग्रेस त्रियुगा नगरपालिकाको सभापतिमा खड्का कि चौधरी ?


बुद्धि कुमार राई
भाबना राई
गाईघाट, असोज ८

**प्रकाश खड्का** - उदयपुर जिल्लामा रहेको नेपाली काङ्गेस नगर कमिटीमा उमेरदारमा निर्वाचन भएको प्रकाश खड्का हुन् । उ त्री नपा १० बोक्सेको वडा अध्यक्ष हुन ।

हाल उदयपुर जिल्ला भरिको उमेरदारमा निर्वाचन भएको छाबुबा टंक बहादुर र स्वगिय आमा मनकुमारि खड्काको ५ भाइ छोरा र ४ बहिनी छोरी मध्य माइलो छोरा प्रकाश खड्का हुन् । उनको जन्म यहि गाईघाट बोक्सेमा भएको हो । अहिले उ ५७ बर्षको भयो ।

उनको बुबा आमा दिक्तेल देखि बसाई बसेर आएको हो। उनले २०४० सालमा त्रीयुगा माध्यमिक गाइघात बरुवाबाट गरेका हुन । उ सङ एस एल सि दिने साथीहरु सालिका स्रेस्थ ज्याला प्रशाद भट्टराई दुर्गा बस्नेत मिना बस्नेत अर्जुन श्रेष्ठ गोभिन्द राज्धामी थिए ।उनको बुबा आमाको छोराले धेरै पधेर जागिर खओस भन्ने थियो । उनले २०४३ मङ्सिर २४ गते मिना बस्नेत सङ बिबाह गरे ।

उनको १ छोरा र १ छोरी छन् । छोरा डाक्टर राजेस खड्का र छोरी निशा खड्का हुन ।उनले २०४७ साल देखि त्री.ज.ब. क्याम्पसमा सामान्य प्रशासनको जागिरमा प्रेबेस गरेको थिए। २०४९ सालमा नेपाली काङ्गेसले पहिलो दल प्रजातान्त्र वाली भएपछी पहिलो प्रतिनिधि सभाको निर्वाचन भने २०४९ सालमा स्थानीय - *बाँकी २ पेजमा*



प्रकाश खड्का
त्रियुगा नगर सभापतिका उमेदवार



सुमन चौधरी
त्रियुगा नगर सभापतिका उमेदवार

**सुमन चौधरी** -

नेपाली काङग्रेसको १४ अधिबेशन चलिरहेको बेला नेपाली काङग्रेसको सभापतिको बन्ने बारे दुई ब्यक्तित्व उमेरदार बनिरहेका छन । त्यसमा सुमन चौधरी एक हुन । उनको जन्म २०४० भदौ २४ गते भएको थियो । बुबा मन्ज प्रशाद चौधरी र आमा कुलुङमतीको ३ छोराहरु मध्ये सुमन जेठो छोरा हुन ।

उनको भाईहरु सुनिल मोटरसाइकल ब्याबसाय र सुसिल डाक्टर हुन । उनले कक्षा ५ सम्म बगाहा र कक्षा ६ मा.बि. बगाहामा र देउरीबाट एस. एल. सी. दिएको हो । उ स्कुल लेभल देखि नै बिभिन्न कार्यक्रममा सदस्य बन्थे । उनले त्रियुगा बहुमुखी क्याम्पसमा पढ्दा सोभिको सदस्इ पनी भए । उनलाई सानो देखि नै राजनितिक मन पर्दथ्यो । उनका हजुर बा बरिष्ठ लाल चौधरी कान्छा हजुर बा परमनन्द चौधरी राजनितिकमा थिए ।

राजनितिकमा लाग्नलाई काका बाउबाट नै प्रेरणा मिलेको बताए । उनका वुवा शिक्षक हुन् ।साथै राजनितिक, उदयपुर सिमेन्टको अधिकृत र बिभिन्न पार्टीमा संग्लता थिए। उनले वुवाबाट नै राजनितिकमा लाग्ने प्रेरणा पाएका थिए । उनले नेपालको तरुणदलको त्रियुगा नगर सचिब , २०६५ मा नेपाल काङ्ग्रेस युवा समितिको अध्ययक्ष भएका थिए । ऊ ब्याचलर पढ्न मिनि भबन गएका थिए । त्याहा १० बर्ष बस्दा बिभिन्न कमिटिमा रहेका साथीहरुसँग बस्दा अभन राजनितिक - *बाँकी २ पेजमा*

# गाइघाट, मुर्कुची, लिम्चुङबुङ बाटो बन्ने नै भयो

मुलुकी संवाददाता
उदयपुर, असोज ७



गाईघाट, मुर्कुची, लिम्चुङबुङ र हलेसी सडक खण्डलाई सरकारले उच्च प्राथामिकतामा राखेको छ । अर्थमन्त्रालयले सडकलाई बैकल्पिक सगरमाथा राजमार्गको लागि उच्च प्राथामिकता दिँदै योजना समावेश गरेको हो ।

प्रतिनिधिसभाबाट बजेट पारित भएको सँगै बजेटमा ( गाईघाट-मुर्कुची-लिम्चुङबुङ-हलेसी-सल्ले महादेवबेशी-सगरमाथा बैकल्पिक राजमार्ग ) लाई उच्च प्राथमिकता राखेर योजना समाबेश गरेको लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष मेजर कुमार राईले जनाए ।

अध्यक्ष राईले अर्थमन्त्रालयले बैकल्पीक सगर माथा राजमार्गको योजनालाई उच्च प्राथामिकतका साथ समावेश गरेको र अब सडकले तिब्रता पाउने बताए ।
यस सडक योजनाको लागि अर्थमन्त्री जनार्दन शर्मा लगायत सिंगो सचिवालयले पहल गरेको अध्यक्ष राईले बताए ।

## आरके ईम्पोरियम
## गाईघाट, उदयपुर



बिश्वमा मात्र नभएर नेपालमा पनी बिगत १९६० देखि एकदम अग्र श्रेणीमा नाम कमाउन सफल जाक्वर कम्पनी अब तपाई हाम्रै गाईघाट सहर मा डिलर खुलिसकेको छ। जहा धारा, कमोड, बेसिन, बाथटप, चिम्नी, माबल फिटिङ मार्बल, टाइल्स, ग्रानिटिसहरु सुपथ मुल्यमा उपलब्ध रहेको जानाकारी गरिन्छ। आ.के. इम्पोरियम गाईघाट पिपलचोक पूर्व मनकामना हार्डवेयर संगै । प्रोपाईटर – राजेश कार्की, सम्पर्क – ०३५४२३६४१, ९८६२६२४६७०

## मुलुकी दैनिकको भदौ महिनाको मासिक शूल्क बुझाउने जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना। थप जानाकारीको लागि ९८४२९८५१८८

## सम्पादकीय...

# समयमा नै खबरदारी गरौ ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको बिभिन्न क्षेत्रमा यस अघि असार मसान्तभित्र नै कालोपत्रे सडक निर्माण गरिएको थियो । गाईघाटको बिधुत मार्ग, बैङ्क लाईन, पुरानो गाईघाट चोकदेखि फुलचोक क्षेत्रमा गत असार मसान्त भित्र नै सडक कालोपत्रे गरिसक्ने योजना थियो । बिधुत मार्ग बाहेक अन्य ठाउँमा काम पनि भएको हो । निर्माण कम्पनीको काममा लापारबाही र प्राबिधिक कारण सडक कालोपत्रे गरिएको ठाउँमा गुणस्तरहिन काम भएपछि संचारमाध्यम र स्थानिय नागरिकको पटक - पटकको खबरदारीको कारण सो सडकको काम निर्माण कम्पनीले रोक लगाई पुन बनाउने भएका थिए । असार महिना बर्षाको समय भएका कारण बर्षाले निर्माणमा समस्या ल्याएको भन्दै पुन बनाईन् भएको थियो ।

गत असारमा निर्माण गर्दै गरेको अबस्थामा रोकिएको काम कातिक मसान्तसम्ममा काम सक्ने गरी निर्माण कम्पनीलाई नगरपालिकाले समय थप गरिदिएको थियो । सोही शर्त बमोजिम निर्माण कम्पनीले शुक्रबारदेखि गाईघाटको बिधुत मार्ग, पुरानो गाईघाट क्षेत्रमा सडकलाई कालोपत्रे बनाउन काम थालिएको छ । यस अघि असारमा पनि एक पटक कालोपत्रे गरिएको थियो । बिधुत मार्ग बाहेक अन्य सबै ठाउँमा कालोपत्रे गरिए पनि निर्माण कम्पनीले गुणस्तरहिन काम गर्दा सो सडक अहिले पुन पुरानै अबस्थामा पुगेको छ । गाईघाट बजारको बैङ्क लाईन क्षेत्रमा लापारबाही गरिदा मोटरसाईकल पार्क गर्दा समेत स्टेण्ड गडिने समस्या थियो । सडकमा कालोपत्रे गरिएको गिटीमा मोटरसाईकल चिप्लिएर सवारी दुर्घटना समेत भएको थियो । अहिले सडक कालोपत्रे गर्ने काम सुरु गरिएको छ । दिउँसो समयमा कालोपत्रे गर्नु पर्नेमा निर्माण कम्पनीले रातीको समयमा कालोपत्रे गर्ने गरेको छ । यस कार्यमा स्थानिय, पत्रकार, जनप्रतिनिधिले समयमानै खबरदारी र निगरानी गर्नुपर्दछ । दुई पटक बनाउनु परेकोमा निर्माण कम्पनी घाटामा जानु स्वाभाविक हो । निर्माण कम्पनीको लापारबाहीकै कारण यस्तो अबस्था भएको हो । अहिले बनाईरहेको काममा स्थानीय नागरिक, पत्रकार, जनप्रतिनिधिले नियमित रुपमा निगरानी गर्नुपर्दछ । कालोपत्रे गर्ने ठाउँमा प्राबिधिक हरुको प्रत्यक्ष निगरानीमा काम हुनु पर्दछ । कालोपत्रे लगाउने समय राती नभई दिउँसो उज्यालोमा काम हुनुपर्दछ ।

यस अघि असार मसान्त भित्रमा सकिनुपर्ने काममा सबैको चासो राखिएको भय यो अबस्थामा आईपुग्ने थिएन । कालोपत्रे राती समयमा गर्नु, कालोपत्रे गरिएको सडक उकिनु, मोटरसाईकलको स्टेण्ड गाडिनु, चिप्लिनु, यी काम कसरी भयो भन्ने कुरा हामीले नै खबरदारी गरेका कारण रोकियो । निर्माण कम्पनी घाटामा गईसकेका कारण निर्माण कम्पनीको नामको लागि र आफ्नो घर अगाडीको सडक भएकाले पनि निर्माण कार्य गुणस्तरयुक्त टिकाउ हुने बनाईनुपर्दछ । यि बाहेक जहाँ जहाँ सडक, नाली, कलभर्ड, निर्माण हुँदैछ ति ठाउँहरुमा स्थानिय नागरिकहरुले काम कस्तो भईरहेको छ भन्ने कुरामा ख्याल गर्नु पर्दछ । काम गुणस्तरहिन बनिरहेको छ भने सो कार्यलाई तत्काल रोक्न पहल गर्नुपर्दछ । बिकास निर्माणको नाममा आएको बजेट सही ठाउँमा सही प्रयोजनमा खर्च हुनुपर्दछ । बिकास निर्माणको काममा हामीले निगरानी र खबरदारी गर्दा काम गुणस्तरयुक्त र टिकाउ हुने भएकाले हामी सबैलाई लाभदायक हुनेछ ।

# गाईघाट बजार मा असोज खुद्रा तरकारी बजार भाउ ।

| | | |
|---|---|---|
| १, | आलु | रु ४० |
| २, | अदुवा | रु १२० |
| ३, | टमाटर | रु ४० |
| ४, | बन्दा | रु ४० |
| ५, | भेन्टा | रु १०० |
| ६, | खुर्सानी | रु १६० |
| ७, | मुला | रु ६० |
| ८, | पर्बल | रु १०० |
| ९, | तितेकरेला | रु १०० |
| १०, | भिन्डी | रु ६० |
| ११, | च्याउ | रु २४० |
| १२, | काउली | रु १६० |
| १३, | फर्सी | रु ५० |
| १४, | कटहर | रु ४० |
| १५, | काँक्रा | रु ५० |
| १६, | धनियाँ | रु १०० |
| १७, | लोकल बोडी | रु १४० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु २०० |
| २०, | लट्टे साग | रु १२० |
| २१, | प्याज | रु ६० |
| २२, | निगुरो | रु ६० |
| २३ | दुध | रु. ७० |
| २४, | दही | रु ९० |
| २५, | मोही | रु ५० |
| २६, | घ्यु | रु ७०० |
| २७, | राँगाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसीको मासु | रु १,००० |

## प्रकाश खड्का.....

निर्वाचन भयो । गाईघाट गाउँबिकाश समितिको गाउपालिका वडा नम्बर १ को वदा अध्यक्षाको टिकट दिएर राजनीतिकमा लगेको थिए ।

उनले २०४७ सालमा जिल्ला अधिबेशनमा सहसचिव भएर राजनीतिमा प्रबेश गरे । कार्यलय सचिब काङ्गेसको पाटि सचीव भएर तत्कालीन सभापति नेपाली कङ्गेसको धिरज थापा र अर्जुन खड्काको सङगलतामा काम गरे । जिल्लाको धेरै बिद्यालयको मे बि संघको स्कुल कमिटी संगठन गरे। २०४९ सालको ५ बर्षको दोउदनमा बसेर काम गरे ।

पाटिको पदलाइ भन्दा जनताको जिम्मेवारीको कुरामा लागि परथिए । पछिब्ल १० महा अधिबेशनदेखि छेत्रीए प्रतिनिधि को रुपको गए । उनले आफू भन्दा ठुलो नेतालाई जेष्ठ ,पाटि कुलता शृस्ततालाई बिश्वास गर्दथे । २२ ओउ अधिबेशन पाटिको पधनिती भन्ने लाग्यो ।

उ सामुदायिक बनको अध्यक्ष जिल्ला सामुदायिक बन महासङ्हको निरन्तर दोस्रो कार्यालयको सदस्य बालमन्दिर मा बि को चोथो कार्यक्रमको संचालक अध्यक्ष बिद्यालयको ब्यबस्थापक समितिको अध्यक्ष त्री ज ब को संचालक समिती हुन । रास्ट्रय खेलकुद अन्तर्गत गैरसरकारी वा अर्धसरकारी सस्था हो ।

## सुमन चौधरी.....

ज्ञान पाएको बताए ।उनले २०६७ मा चण्डिका कुमारी चौधरीसँग बिबाह गरे । उनी हाल समय मास्टर पढ्दै छिन् । उनका २ छोराहरु छन् । क उ २०६१ सालमा स्वतन्त्र कियाको सदस्य , नगरसमितिको सचिब , काङ्ग्रेसको युवा अध्यक्ष र हाल सभापति हुन गइरहेको छ । ०७८ अशोज ९ गते शनिबार हुने चुनाबमा जम्मा ३२२ मतको हुनेछ । १९२ मत ल्याउदा बिजय हुने चौधरीले बताए ।नगरपालिका वा वडामा भ्रष्टाचार रोक्ने, नेपालको संगठन बनाउने , स्थानिय चुनाब १६ वटै जिल्लामा जिताउने, प्त्येक वडामा वडा कार्यलय बनाउने र त्रियुगा नगरसमितिको आप्नो नै भबन बनाउने सुमनको योजना रहेको छ । उनको बिचारमा राजनितिक भनेको सेवा हो । राजनितिक गर्ने ब्याक्तिले राजनितिक मात्र नभएर अरु फालतो ब्यापार गर्न पनि आबश्यक छ । उनको बोडिङ स्कुल छ । उनले बिद्यालय संचालन गरेको १३ बर्ष भयो । चौधरी जिल्ला प्याष्शनको अध्ययक्ष हुन् र पदेश सभाको उपाध्यक्षा हुन् । उनले काङ्ग्रेसलाइ आप्नो जग्गा दिएको छ ।

# १३ नं वडामा जितिया पर्वको शुभकामना आदान प्रदान गर्दै मनाईयो

**मुलुकी संवाददाता**
**उदयपुर, असोज ८**

नजिँकिदै गरेको जितिया पर्वको अवसरमा १३ नं वडाले शुभकामना आदान प्रदान भएको छ। शुभकामना आदान प्रदान सहित वडाका महिलाहरुको सहभागीमा जितिया पर्व पनि भव्य मनाएको छ ।

थारु समुदायहरुमा मनाइएने बिषेश पर्व जितिया वडाका महिलाहरुले पनि भव्य रुपमा मनाएको हो। त्रियुगा १३ वडास्तरीय महिला समितिको अयोजना तथा वडाको सहयोगमा शुक्रबार वडाभरीका महिलाहरुको ठुलो सहभागीतामा शुभकामना सहित जितिया पनि भव्य मनाइएको हो ।



बिभिन्न परिकार र थारु संस्कार संस्कृति सहित मनाईने यो पर्व बिषेश गरी थारु महिलाहरुले भव्य रुपमा मनाउने गर्छ। जितिया पर्वको अवसरमा थारु सामुदायमा महिलाहरु गित गाउने नाच गान गर्ने र बिभिन्न परिकारहरु खाएर रमाईलो गर्ने गर्छन् ।जितिया कार्यत्रमको उद्घाट वडाअध्यक्ष पशुपती चौधरीले गरिन् । कार्यत्रमको उद्घाटन गर्दै अध्यक्ष चौधरीले सम्पूर्ण वडावासी महिलाहरु लगायत सम्पूर्ण नेपालीहरुमा जितियाको शुभकामना समते प्रदान गरिन। चौधरीले सम्पूर्ण महिलाहरुमा शुख शान्ति समृद्धी र स्वास्थ्यको कामना गर्दै यस शुभकामना आदान प्रदान कार्यत्रम पति खुशी व्यक्त गरिन् ।







| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-र्मीचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११३९.७ |
| गाईघाट - पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

# उदयपुर जिल्लाभर सवारी चेकजाचमा कडाई

मुलुकी संवाददाता
उदयपुर, असोज ८



नजिँकिएको दशैँलाई मध्यनजर गर्दै यातायात व्यवस्था सेवा कार्यालय उदयपुरले सवारीमा कडाई तथा अनुगमन सुरु गरेको छ। सवारीमा हुने बिभिन्न लापर्वाहीलाई नियन्त्रण गर्ने र सुरक्षित यात्रामा सवारी चालक तथा यात्रुहरुलाई सहभागी गराउने भन्दै कार्यालयले अनुगमन सुरु गरेको हो ।।

चाडपर्वका समयमा हुने सडक दुर्घटना र यात्रुको सुविधालाई मध्यनजर गरी कार्यालयले जिल्ला ट्राफिक प्रहरी संगको समन्वयमा शुक्रबारदेखि सार्वजनिक तथा निजि सवारी साधनको जाँच र अनुगमन शुरु गरिएको यातायात व्यवस्था सेवा कार्यालयका प्रमुख शुभाष कार्कीले बताए।

चाडपर्वमा सवारीको गतिविध बढ्ने र धेरै यात्रुहरुको जलजलेमा गअनुगमन गरिएको छ । अनुगमनको क्रममा सार्वजानिक सवारी साधनको बिल बुक नविकरण, जाचँपास, रुट पर्मिट, सवारी चालक अनुमती पत्र लगायतको अनुगमन गरिएको छ भने साना र निजि सवारी साधनहरुको बुल्बुक ननिवकरण र सवारी चालक अनुमती पत्र लगायत चेक जाचँ गरिएको कार्कीले बताए ।

नगरी तथा हेलमेट प्रयोग गर्दा क्लिप नबाधी सवारी साधन संचालन गर्ने, तथा सवारी साधनमा प्रस्ट नम्बर नलेखेको करिब एक सय भन्दा बढी सवारी साधन अनुगमन गर्दा ३० वटा भन्दा बढी सवारी साधनलाई कार्वाही गरिएको समेत बताए ।

अनुगमनमा चाडपर्वमा एउटै सवारी साधन सघनरुपमा प्रयोग हुने तर उचित



























माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट